श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पोखरा–बागलुङ राजमार्ग योजनाको सडक सीमा निम्नानुसार कायम गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(१) पोखरा–बागलुङ राजमार्गको पोखरा नगरपालिका क्षेत्रको किलोमिटर ० देखि ६ याम्दी पूलसम्म सडकको केन्द्र बिन्दुबाट दायाँ १२.५ मिटर बायाँ १२.५ मिटर गरी जम्मा २५ मिटर ।

(२) किलोमिटर ६ याम्दी पूलदेखि बागलुङसम्मको राजमार्गको बाँकी सबै भागमा केन्द्र बिन्दुबाट दायाँ १५ मिटर बायाँ १५ मिटर गरी जम्मा ३० मिटर ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## वन तथा भू–संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले वन पैदावार बिक्री वितरण नियमावली, २०२७ को नियम २० क. ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसूची २ मा रहेको सेतो परूवाको बोका (कागजे लोक्ता) को मूल्य प्रति के.जी. रू. १।– कायम गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले वन पैदावार बिक्री वितरण नियमावली, २०२७ को नियम २० क. ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसूची ३ को सट्टा यसै साथ संलग्न अनुसूची ३ राखी हेरफेर गरेको छ ।



६२०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।